मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २२ गते बुधबार ❑ 8 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कास्की कारागारका दुई सय ९० कैदीबन्दी अझै फरार

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज

गत भदौ २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा कारागार कार्यालय कास्कीको बन्दीगृहबाट भागेकामध्ये २९० जना कैदीबन्दी अझै फरार रहेका छन् ।

कारागारका प्रशासक राजेन्द्र शर्माले आन्दोलनका क्रममा भागेका ७७३ कैदीबन्दीमध्ये ४८३ जना फर्किएको र २९० जना हालसम्म फरार रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रदर्शनकारीले कारागारमा तोडफोड गरेपछि भागेकामध्येमा कतिपय कैदीबन्दी आफैँ कारागार फर्किएका छन् । केहीलाई भने भाग्ने क्रममा विभिन्न जिल्लाबाट प्रहरीले पक्राउ गरेको हो । फरार रहेकाहरूको बारेमा अब कसरी अगाडि बढ्ने भन्ने विभागको निर्देशनको पर्खाइमा छौँ ।"कारागारबाट भागेका कैदीबन्दीलाई कार्यालयले गत असोज १२ गते सूचना जारी गरी यही असोज २० गतेसम्म कारागार फर्कन समय दिइएको थियो । तर तोकिएको समयमा पनि कारागार नफर्केका र सम्पर्क नगरेका कैदीबन्दीको खोजी कार्य प्रहरीले गरिरहेको बताइन्छ । उनीहरूलाई प्रचलित कानुनअनुसार कारबाही हुने र फरार कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी कानुनअनुसार कारबाही हुने कारागारले जनाएको छ ।

प्रदर्शनकारीको आगजनीबाट कार्यालयका अभिलेखहरू जलेका थिए । तर कैदीबन्दीको विवरण कम्प्युटर अभिलेखमा सुरक्षित रहेको छ । त्यसैगरी केन्द्रीय विभागको नेटवर्कमा समेत दर्ता रहेकाले सबै विवरण सुरक्षित रहेको कारागार प्रशासक शर्माले बताउनुभयो । प्रदर्शनकारीले गत भदौ २४ गते कारागार तोडेर ३५ महिलासहित सात सय ७३ कैदीबन्दीलाई भगाएका थिए ।

मुलुकभर जेनजी प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५८९ कैदी र नौ वटा बालसुधारगृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५५३ बन्दी भागेका थिए ।

## मुख्यमन्त्री निवासमा आगजनी गर्ने एक युवक पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्रीको निवासमा आगजनी गरेको आरोपमा एक युवक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीले रुपन्देही तिलोत्तमा नगरपालिका-४ घर भई हाल पोखरा महानगरपालिका-७ राष्ट्रबैंकचोक बस्ने २२ वर्षीय संजोक थापालाई पक्राउ गरेको हो । पोखरा महानगरपालिका-१७ सहिद चोकमा रहेको उक्त निवासमा गत भदौ २३ र २४ गतेको आन्दोलन, तोडफोड र आगजनी घटना पछि थापा फरार रहेको प्रहरीले जनाएको छ । थापाले सहिदचोक क्षेत्रतर्फको पर्खालबाट निवासभित्र प्रवेश गरी जल्न बाँकी रहेका सामान राखिएको कोठामा आगजनी गरेको खुलेको छ । जेनजी आन्दोलनका क्रममा जलाइएका सामान सोही निवासको एक कोठामा राखिएको अवस्थामा फेरि आगजनी गराएको प्रहरीले जनाएको छ ।

थापालाई जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बैदामबाट खटिएको संयुक्त टोलीले पक्राउ गरेको हो । उहाँलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताउनु भयो ।

अनुसन्धानका क्रममा थापाले पोखरा राष्ट्र बैंक चोकनजिकै रहेको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेडको एटिएम मेसिनमा ढुंगामारा गरी स्क्रिन तोडफोड गरी बैंक सम्पत्तिमा क्षति पुऱ्याएको तथ्य पनि खुलेको प्रहरीले उहाँले जनाउनु भयो ।

प्रहरीका अनुसार थापाविरुद्ध आगजनी तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएको अभियोगमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ ।

## वेलायतबाट साइकल यात्रामा निस्किएको जोडीलाई पोखरामा स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज




वेलायतबाट साइकल यात्रामा निस्किएको एक जोडी २२० दिन लामो कठिन यात्रा पूरा गरी नेपालको पर्यटन राजधानी पोखरा आइपुगेको छ । ५१ वर्षीय थोस्टर ब्रुस र उनकी श्रीमती डा. एमा ब्रुसले करिब १४ हजार किलोमिटर दूरी पार गर्दै मंगलबार पोखरा आउनु भएको हो ।

सात महिना सात दिनको यात्रापछि पोखरा आइपुगेका ब्रुस दम्पतीलाई पोखरा लेकसाइडमा रहेको रेन्बो चिल्ड्रेन होम, नमुना आमा समूह, पर्यटन व्यवसायी तथा स्थानीय बासिन्दाले फूलमाला अर्पण गरी स्वागत गर्नु भएको थियो । चिल्ड्रेन होमकी सञ्चालक गोमा ढकाल, पर्यटन व्यवसायी अग्नि कँडेल सहित विभिन्न व्यक्तिहरूले ब्रुस दम्पतीलाई सम्मान गर्नुभयो । नेपाल यसअघि दुईपटक आइसकेका ब्रुस यसपटक विशेष साइकल यात्रा सहित तेस्रो पटक नेपाल आउनु भएको हो । ब्रुस दम्पतीले वेलायतदेखि सुरु भएको यात्रामा नेदरल्यान्ड, बेल्जियम, फ्रान्स, लक्जेम्बर्ग, जर्मनी, अस्ट्रिया, स्लोभाकिया, हंगेरी, सर्बिया, रोमानिया, बुल्गेरिया, टर्की, जर्जिया, अजरबैजान, काजकिस्तान, उज्बेकिस्तान, पाकिस्तान, चीन हुँदै भारत पार गरेर अन्ततः नेपाल आउनु भएको हो । यात्राको क्रममा पाकिस्तानमा करिब २५० किलोमिटर लामो मरुभूमि पार गर्नुपरेको र भारत प्रवेश गर्दा सीमा बन्द भएको कारण हवाई मार्गमार्फत बोर्डर क्रस गर्नुपरेको अनुभव ब्रुसले सुनाउनु भयो ।

दुई छोराका पिता तथा माता रहेका ब्रुस दम्पतीले आफ्नो उमेर छँदै केही विशेष गर्नुपर्छ भन्ने सन्देश दिन साइकल यात्रामा निस्किएको बताउनु भयो । घुमफिर, फोटोग्राफी र साइकलिङप्रति विशेष रुचि राख्ने उहाँहरुले विभिन्न मुलुकमा आफूहरूलाई गरेको स्वागतप्रति आभार प्रकट गर्नुभयो ।

## बाढीका कारण पोखराको पर्यटनमा असर

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज

दसैँलगत्तै देशभर आएको बाढीका कारण पोखराको पर्यटनमा प्रत्यक्ष असर परेको छ । मौसम विभागको पूर्वानुमानसँगै सम्भाव्य जोखिमलाई दृष्टिगत गरी असोज १८ गतेदेखि २० गतेसम्म गरिएको अत्यावश्यक बाहेकका सार्वजनिक यातायात सञ्चालनमा रोक एवम् देशका विभिन्न स्थानमा परेको पानीका कारण पर्यटकको आगमन प्रभावित बनेको हो ।

यस अघिका वर्षमा दसैँको टीका सकिएसँगै पोखरा घुम्न आउने पर्यटकका कारण पोखराका होटेलमा कूल क्षमताको ८० प्रतिशत भन्दा बढी भरिभराउ हुने गरेकोमा यसवर्ष सो सङ्ख्या घटेर ३० प्रतिशतमा सीमित भएको होटेल सङ्घ नेपाल पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । दसैँको टीका लगाएसँगै पूर्णिमासम्म बिदा हुने भएकोले देशका विभिन्न भागबाट बिदाको उपयोग गर्न पारिवारिक भ्रमणमा पोखरा आउने प्रचलन अत्याधिक रहेको उहाँले बताउनुभयो । "अघिल्ला वर्षहरूमा दसैँपछि कोजाग्रत पूर्णिमाको दिनमा त यहाँका होटेलमा कोठा नै पाउन मुस्किल हुन्थ्यो", उहाँले भन्नुभयो, "यस वर्षत अधिकांश होटेलहरूमा पर्यटकको सङ्ख्या अत्यन्त न्यून रहेको छ ।"

## कोजाग्रत पूर्णिमामा तालवाराही मन्दिरमा दर्शनार्थीको भीड

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज



फेवातालको बीच भागमा रहेको धार्मिक एवं पर्यटकीय स्थल तालवाराही मन्दिरमा सोमबार बर्षकै सबै भन्दा बढी दर्शनार्थी एवं पर्यटकहरु पुग्नु भएको छ । दशैं पर्वको अन्तिम दिन अर्थात् कोजाग्रतपूर्णिमा पर्वको अवसरमा मन्दिर दर्शन गर्ने भक्तजन र पर्यटकले भिडभाडले ताल क्षेत्र सोमबार खचाखच भरिएको थियो ।

बिहानैदेखि दर्शनार्थी एवं पर्यटकहरुले लाइनमा बसेर डुंगाको टिकट काट्न र लाइफ ज्याकेट लिन लामो लाइनमा उभिनु भएको फेवा डुंगा व्यवसायी संगठनका निवर्तमान अध्यक्ष बुद्धिबहादुर नेपालीले बताउनु भयो । अघिल्ला बर्षको तुलनामा यस बर्ष प्रतिकुल मौसमका कारण बाढी पहिरोले सडक तथा हवाई रुट अबरुद्ध हुदा अपेक्षाकृत दर्शनार्थी एवं पर्यटकहरु अझ कम आएको उहाँले दाबी गर्नुभयो ।

वर्षभरका ३६५ दिनमध्ये कोजाग्रतपूर्णिमाको दिनमा नै सबैभन्दा बढी भक्तजन आउँछन् । "आज दशैंको जमरा सेलाउने, घुमघाम गर्ने र मनोकामना लिएर मन्दिरमा आएका भक्तजन र पर्यटकहरूको भिड वर्षकै असाधारण हो ।" उहाँका अनुसार पछिल्ला दिनमा बाढी-पहिरोले डुंगा व्यवसाय प्रभावित भए पनि दशैंले ताल क्षेत्र पुनः रौनकिलो बनाएको छ । मन्दिर दर्शनसँगै तालवराही घाटमा दशैं मेलाको माहोल देखिन्थ्यो । दैनिक उपभोग्य वस्तु, रेडिमेड कपडा र फेन्सी सामान खरिद गर्ने भिडले ताल क्षेत्र बजारझैं बनाएको थियो । यो दिन पोखरा मात्र होइन, काठमाडौँ, चितवन, बुटवल, धरानसम्मका श्रद्धालु, साथै भारत र अन्य मुलुकका केही विदेशी पर्यटक समेत तालमा डुंगा चढ्दै मन्दिर दर्शनमा सहभागी हुनु भएको थियो ।

फेवातालका ८ वटा घाटमा हाल सञ्चालनमा रहेका ७७५ वटा डुंगा दिनभर यात्रु ओसार पसारमा व्यस्त रहनु भएको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जा र पर्वतका चार भवन ३ वर्षदेखि अलपत्र

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ असोज



नागरिकलाई सुविधा सम्पन्न भवनबाट समयानुकूल स्वास्थ्य सेवा दिने लक्ष्य अनुसार निर्माण गर्न लागिएको स्याङ्जा र पर्वतका चार स्वास्थ्य संस्था ३ वर्षदेखि अलपत्र अवस्थामा रहेका छन् । स्याङ्जाका ३ र पर्वतको १ गरी एकै पटक ठेक्का आव्हानबाट निर्माण प्रक्रिया थालिएका स्वास्थ्य संस्थाको भवन ३ वर्षदेखि अलपत्र अवस्थामा पुगेका हुन् ।

२०७७ सालमा ठेक्का आह्वान भएर २०७९ सालमा भवन निर्माण सम्पन्न हुनुपर्ने थियो । तर, निर्माण कम्पनीको लापरबाहीले ४ स्वास्थ्य संस्थाका भवन निर्माणकै क्रममा अलपत्र अवस्थामा पुगेका हुन् । स्याङ्जाको वालिङ नगरपालिका-१ धनुबाँसेस्थित एवादी आयुर्वेद औषधालय, अर्जुनचौपारी गाउँपालिका-५ आरुचौर आयुर्वेद औषधालय र सेतीदोभान प्राथमिक स्वास्थ्य केन्द्र र पर्वतको बराचौर प्राथमिक स्वास्थ्य केन्द्रका भवन हाल अलपत्र अवस्थामा रहेका छन् । तीनवटा स्वास्थ्य संस्था एउटै निर्माण कम्पनीले सम्झौता गरेको थियो भने एक स्वास्थ्य संस्था भवनको निर्माणका लागि अर्को निर्माण कम्पनीले जिम्मा लिएको थियो । आरुचौर आयुर्वेद औषधालय, सेतीदोभान प्राथमिक स्वास्थ्य केन्द्र र बराचौर प्राथमिक स्वास्थ्य केन्द्र भ्याली/बाबुरत्न जेभी काठमाडौंले ३ वर्षमा सक्नेगरी सम्झौता गरेको थियो । धनुबाँसे खहरे आयुर्वेद औषधालय सेफ इन्जिनियरिङ बिल्डर्स भरतपुर चितवनले ३ वर्षमा सम्पन्न गर्नेगरी सम्झौता गरेको थियो । निर्माण कम्पनी भ्याली/बाबुरत्न जेभी काठमाडौंले तीनवटा स्वास्थ्य संस्था निर्माण गर्न १२ करोड ७१ लाख १६ हजार ९ सय ३० रुपैयाँ भ्याट बाहेकमा सम्झौता गरेको थियो भने सेफ इन्जिनियरिङ बिल्डर्सले एक करोड ५८ लाख ८६ हजार १५५ रुपैयाँ भ्याट बाहेका सम्झौता गरेको थियो । दुई कम्पनीले फागुन २०७७ फागुनमा ३ वर्षमा सक्ने गरी भवन निर्माणको सम्झौता गरेको सहरी विकास तथा भवन कार्यालय कास्कीका इन्जिनियर अच्युत पौडेलले बताए । भ्याली/बाबुरत्न जेभीले निर्माण गर्ने जिम्मा पाएको ठेक्काको म्याद चार पटकसम्म थपिएको छ । अन्तिम पटक २०८२ भदौसम्म सम्पन्न गर्नेगरी म्याद थप गरिएको इन्जिनियर पौडेलले जानकारी दिए । 'पटक-पटक ताकेता गर्दा पनि निर्माण कम्पनीले बेवास्ता गरिरहेको छ ।' पौडेलले भने, 'अन्तिम पटक थपिएको म्यादमा सकिएपछि जरिवाना तोक्ने तयारीमा छौं ।, अब म्याद थप्ने कुनै आधार नभएको र दुई सय दिनमा काम सम्पन्न नगरेमा कार्यालयले कालोसूचीमा राख्ने तयारी गरेको समेतले पौडेलले जानकारी दिए ।

अब भवन निर्माण सम्पन्न गरेपनि कम्पनीलाई सम्झौता अनुसारको रकमका आधारमा हरेक दिन शून्य दशमलव ५ प्रतिशतका दरले जरिवाना लगाउने पौडेलले बताए । वालिङको धनुवाँसे आयुर्वेद औषधालय निर्माणको शुरुवात देखिनै स्थानीयको बिरोधले केही ढिला हुन गएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार हाल पछिल्लो समय विवाद निरुपण भएको छ ।

समयमै भवन निर्माण नहुँदा चार वटै स्वास्थ्य संस्थाले भाडाको घरबाट सेवा प्रवाह गरिरहेका छन् । जसले गर्दा सुविधा सम्पन्न स्वास्थ्य संस्थाबाट पाउनुपर्ने सेवाबाट नागरिक वञ्चित भएका छन् भने भाडा तिर्नुपर्ने अवस्थाले सरकारलाई ठुलो आर्थिक क्षति भएको छ । कार्यालयका अनुसार स्याङ्जाका तीनवटै निर्माणाधीन स्वास्थ्य भवन ४५ प्रतिशतदेखि ७० प्रतिशत काम भएका छन् ।

भ्याली/बाबुरत्न जेभीका सञ्चालक रमेश अबालेले पेटी (सहायक) ठेकेदारमार्फत काम गराउँदा धोका भएकाले समस्या उत्पन्न भएको सुनाए । आउँदो पुस मसान्तभित्र जसरी पनि भवन निर्माण सम्पन्न गर्नेगरी अगाडि बढेको अबालेले जनाए । दसैं सकिए लगत्तै दुर्तगतिमा काम सुरु गर्ने र कार्यालयले जरिवाना गरेपनि काम नरोकिने उनले बताए ।

यता, सेफ इन्जिनियरिङ बिल्डर्सका सञ्चालक सूर्य पौडेल भने सम्पर्कमा आएनन् । समयमै काम नगर्ने निर्माण कम्पनीलाई कारबाही गर्ने कानूनी व्यवस्था भए पनि राजनीतिक आडमा छुटकारा पाउँदै आएको जानकारहरुको बुझाई छ । जसले गर्दा अधिकांश विकास निर्माणका कामहरु समयमै नसकिने प्रवृत्ति बढ्दै गएको छ ।



पदयात्रामा विदेशी पर्यटक : कास्कीको नयाँपुलदेखि म्याग्दीको घोरेपानी जोड्ने पदमार्ग अन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिका-९ स्थित उल्लेरीमा मङ्गलबार पदयात्रा गर्दै विदेशी पर्यटक ।तस्बिर : राम थापा/रासस

# समुदायको लगानीमा बहुउद्देश्यीय भवन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ असोज



स्याङ्जाको भीरकोट नगरपालिकामा क्षेत्री समाज जिल्ला शाखा स्याङ्जाले सामुदायिक बहुउद्देश्यीय भवन निर्माण गरेको छ ।

समाजको अगुवाईमा झण्डै एक करोड ५१ लाखको लागतमा बहुउद्देश्यीय भवन निर्माण गरेको हो । क्षेत्री समाजको नेतृत्वमा बनेको भवनमा एक करोड ११ लाख भन्दा बढी रकम समुदायस्तरबाटै स्वतःस्फूर्त रुपमा संकलन भएको अध्यक्ष मीनबहादुर केसीले जानकारी दिए । भवन निर्माणमा १६ जनाले एक लाख भन्दा बढी, २८ जनाले ५० हजार भन्दा बढी र ५७७ जनाले ५ हजार भन्दा बढी सहयोग गरेका थिए । भीरकोट नगरपालिका-१ मुख्य बजार बयरघारीस्थित पुलको मुखमा बनेको आधुनिक भवन ८ रोपनी ८ आना ३ पैसा क्षेत्रफलमा फैलिएको छ । गएको वर्ष २०८१ को घटस्थापनाका दिन शिलान्यास गरिएको भवन एक वर्षमै निर्माण सम्पन्न भएको अध्यक्ष केसीले जानकारी दिए । ७ हजार १६५ वर्गफिट क्षेत्रफलको एकतले सभाभवनमा करिब एक हजार जनाको क्षमता रहेको छ । भवनभित्र बाथरूम, शौचालय, पोशाक परिवर्तन कक्ष, कार्यालय कक्ष, भान्सा कक्ष र शुद्ध खानेपानीको सुविधा छ । भवनमै पुजाआजाको लागि हवनकुण्ड पनि निर्माण गरिएको छ । भवनलाई धार्मिक, सांस्कृतिक, सामाजिक र राजनीतिक कार्यक्रमका लागि बड दशै २०८२ को अवसरमा सञ्चालनमा ल्याइएको हो । भवनमा योगा, जिम र बास्केटबल कोर्टको सुविधा थप्ने तयारी गरिएको समाजले जनाएको छ । भवन निर्माणमा समुदायसँगै भीरकोट नगरपालिकाले १० लाख रुपैयाँको सहयोग गरेको छ । समुदायकै सहयोगमा बनेको भवनले सामाजिक एकता र पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने स्थानीयले विश्वास गरेका छन् ।

# दुई सय ६२ रोपनीमा 'बैरेनी एकीकृत जग्गा विकास' कार्यक्रम

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ असोज

जिल्लाको व्यास नगरपालिकाद्वारा सञ्चालित 'बैरेनी जग्गा एकीकरण' आयोजनाअन्तर्गत पूर्वाधारतर्फको ५० प्रतिशत निर्माणकार्य सम्पन्न भएको छ । व्यास-१० स्थित बैरेनीमा कूल एक हजार ५३७ रोपनीमध्ये पहिलो चरणमा २६२ रोपनी क्षेत्रफलमा एकीकृत बस्ती विस्तार गर्ने कार्यक्रम अगाडि बढाइएको हो । आयोजना प्रमुख इञ्जीनीयर रवीन्द्र मुलका अनुसार आयोजनाको कठिन कार्य सकिएको छ, अबको छ महिनाभित्र घडेरी छुट्याउने कार्य सम्पन्न गरिने छ । उहाँले भन्नुभयो, "अब नाला निर्माण, कालोपत्र, विद्युत् पोल, खानेपानी जडान, पार्क, खेलमैदान र दुई वटा विद्युत् ट्रान्समिटर जडान गर्नुपर्ने छ, ट्रान्समिटर विद्युत् प्राधिकरणसँग समन्वय गरिएको छ ।" जग्गाको कित्ताकाटका लागि नक्सा प्रिन्ट भएर आइसकेको छ भने नापी कार्यालय र मालपोत कार्यालयबाट प्रमाणिकरण हुन बाँकी रहेको र अब स्थानीयलाई स्थायी पुर्जा प्रदान गरिने उहाँले बताउनुभयो ।

विसं २०८२ चैतभित्र जग्गाधनीलाई स्थायी जग्गाधनी पुर्जा वितरण गर्ने लक्ष्यका साथ निर्माण अघि बढाइएको छ । विसं २०७९ मङ्सिर १४ गते सम्झौता गरी २०८५ सम्म ऋण सम्झौता रहेकामा तीन वर्ष अगावै सम्पन्न गर्ने लक्ष्य राखिएको इञ्जीनीयर मुलले बताउनुभयो ।

इञ्जिनियर मुलका अनुसार पहिलो चरणमा विकासित निजी घडेरी ६९ दशमलव १७ प्रतिशत, बाटो र ढल निर्माणमा १८ दशमलव ९४ प्रतिशत, खुल्ला क्षेत्र सार्वजनिक पाँच दशमलव ८८ प्रतिशत, बिक्रीयोग्य जग्गा चार दशमलव ७९ प्रतिशत र खोल्सी तथा रिटेनिङ पर्खालमा एक दशमलव १२ प्रतिशत आयोजनाको भू-उपयोगका लागि छुट्याइएको छ ।

बिक्रीयोग्यमा रहेको चार दशमलव ७९ प्रतिशत अर्थात् करिब तेह्र रोपनी जग्गा पूर्वाधार निर्माण लागि छट्याइएको र सो जग्गा बिक्री गरेर नगर विकास कोषसँग लिएको ऋण तिर्ने योजना छ । विसं २०७७ मा नगर विकास कोषको प्राविधिक सहयोगमा बैरेनी जग्गा एकीकरण विकास आयोजनाको सुरूआत गरिएको थियो । विसं २०७८ फागुन २ गते राजपत्रमा आयोजना स्वीकृतिको सूचना प्रकाशित भएपछि निर्माण कार्यले गति लिएको हो । "एकीकृत बस्ती आयोजनाको निर्माण सम्झौता अगावै सम्पन्न गर्न हामी अग्रसर छौँ", उहाँले भन्नुभयो, "उक्त आयोजनामा नगर विकास कोषको ७० र नगरपालिकाको ३० प्रतिशत लगानी रहेको छ ।" कूल रु तेह्र करोडमध्ये कोषले रु नौ करोड १० लाख ५० हजार चार सय र नगरपालिका तथा गण्डकी प्रदेशको रु चार करोड लगानी रहेको छ । नगर विकास कोषसँग लिएको ऋण भुक्तानी गर्नुपर्ने अवधि छ वर्षको रहेको छ भने वार्षिक ब्याजदर आठ प्रतिशतमा ऋण लगानी गरेको छ । उहाँले भन्नुभयो, "निर्माण अवधिभर लिएको ऋणको कुनै ब्याज र किस्ता तिर्नुपर्दैन् ।" विसं २०८५ भित्र आयोजना सम्पन्न गर्ने सम्झौता रहेपनि २०८२ चैतभित्र सम्पन्न गर्ने तरिकाले काम भइरहेको उहाँको भनाइ रहेको छ । बस्तीले साँघुरिँदै गएको दमौलीमा एकीकृत बस्ती बसाउन दीर्घकालीन सोचका साथ नगरपालिका अघि बढेको व्यासका नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । "दमौली बजार र भादगाउँ क्षेत्र बस्ती विस्तारले साँघुरिएको छ", उहाँले भन्नुभयो, "भावी पुस्ताका लागि पनि बस्ती बसाउन नगरपालिकाले नगर विकास कोषसँग हातेमालो गर्दै अघि बढेका हौं, यसले बस्ती विस्तारमा सहज हुने अपेक्षा गरेका छौं ।"

# अदालतको काम कारबाही अविलम्ब सञ्चालन गर्न नेपाल बार एशोसिएसनको माग

**रासस**
काठमाडौं, २१ असोज

नेपाल बार एशोसिएसनले सर्वोच्च अदालतलगायतका सम्पूर्ण अदालतका काम, कारबाही अविलम्ब नियमित रुपमा सञ्चालन गर्न माग गरेको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै सर्वोच्च अदालतलगायतका सम्पूर्ण अदालतको काम कारबाही सञ्चालन गर्न माग गरेको हो । "जनताको न्यायसम्बन्धी हकको प्रचलन कुनै पनि क्षण अवरुद्ध गर्न हुँदैन भन्ने हाम्रो स्पष्ट मान्यता छ", विज्ञप्तिमा भनिएको छ, "न्यायपालिकाको सुधार न्यायपालिकाकै प्रतिवेदनले देखाएको छ, न्यायपालिकाको सुधार वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा भएर हुनुपर्ने जनाएको छ ।" बारको १६औं अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनले न्यायपालिकाको पुनःसंरचनाको विषयमा आफ्नो धारणा स्पष्ट राखेको र वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ । बारले स्वतन्त्र न्यायपालिकालाई भय र त्रासमा राखी निर्देशित न्यायलय सञ्चालन गर्ने कुचेष्टाप्रति भर्त्सना गर्दै स्वतन्त्र, सक्षम र उत्तरदायी न्यायपालिकाको मान्यता राख्ने यस उपर हुने कुनै पनि जोर जुलुम, जबर्जस्ती, हमला एवं अवैधानिक गतिविधिको विरोध गर्ने जनाएको छ । "देश जतिसुकै कठिन मोडमा रहँदासमेत कानुनको शासनको आधारभूत मानकलाई बेवास्ता गर्न मिल्दैन", विज्ञप्तिमा भनिएको छ, "स्वच्छ सुनुवाइसहितको मानव अधिकारको आधारभूत मापदण्डलाई पालना गर्नु राज्यको प्रथम दायित्व हो भन्ने स्मरण गराउन चाहन्छौँ ।" बारले नेपाल प्रहरीको मनोबल खस्कने गरी भएका हर्कतप्रति सरकार गम्भीर हुनुपर्ने उल्लेख गरेको छ । विज्ञप्तिमा भनिएको छ, "दिगो शान्ति संवाद र सहकार्यबाट मात्र सम्भव छ, तसर्थ व्यापक संवाद गर्न नेपाल सरकारसमक्ष हामी अनुरोध गर्दछौं ।" बारको भवन निर्माण गर्न सर्वोच्च अदालत परिसरभित्रै जग्गा उपलब्ध गराउन अनुरोध गर्दै यो विषयलाई उच्च प्राथमिकतामा राख्नुपर्ने माग गरेको छ ।

# पहिराले बेनी-जोमसोम सडकमा यातायात सेवा प्रभावित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ असोज

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ सिरुवारीको पहिरोले कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकमा यातायात सेवा प्रभावित भएको छ ।

म्याग्दीको उत्तरी क्षेत्रमा पर्ने रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका हुदै हिमालपारीको पर्यटकीय जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम चिन र भारत जोड्ने सडक पनि हो । कालीगण्डकी नदीको तिर देखि भगवतिको माझखर्कसम्मको जमिन धाँजा फाटेर पहिरो चलेपछि बिचमा रहेको सडकमा यातायात सञ्चालनमा समस्या भएको छ । यातायात व्यवसायी भोजबहादुर थापाले सिरुवारी र खामभित्ताको पहिरोले बेनी-जोमसोम सडकमा यातायात सञ्चालनमा समस्या भएको बताउनुभयो । "सामान्य वर्षा हुनेवित्तिकै पहिरो खसेर सडक अवरुद्ध हुनुका साथै साँघुरो र हिलाम्मे सडकमा जोखिम मोलेर सवारी साधन वारपार गर्नुपर्ने अवस्था छ," उहाँले भन्नुभयो "सवारी साधन गुडिरहेको र यात्रु हिडिरहेको अवस्थामा माथिबाट ढुङ्गा खस्ने चोटपटक लाग्ने, क्षति पुग्ने गरेकाले सावधानी अपनाएर यातायात सञ्चालन गरेका छौ ।" सडक मुनी कालीगण्डकी नदी छ भने करिब आठ सय माथि र दुई सय मिटर चौडाईको पहिरो छ । पाखो पहिरोमा परिणत भएको छ । माझखर्कको बस्तिमा पनि जोखिम बनाएको छ । कोरला नाकामा सामान लिन जाने र आउने ठूला कन्टेनरहरुले पनि यही सडक प्रयोग गर्छन् । मुस्ताङ जाने आउने यात्रुबाहक बस र गाडीहरुको सिरुबारी पहिरोमा जाम हुने गरेको छ । गाडी फस्ने र साँघुरो भएकाले जाम हुने गरेको रघुगङ्गा गाउँपालिका-१ का वडा सदस्य बलमान गौचनले बताउनुभयो । साँघुरो भएकाले पहिरो क्षेत्रमा दुईतर्फी यातायातका साधन सञ्चालन गर्न सकिदैन् । बेनी-जोमसोम सडकमा यो बर्खामा सबैभन्दा धेरै अवरुद्ध सिरुवारी र खामभित्तामा भएको छ । बेनी-जोमसोम-कोरला सडक योजनाले पहिरो नजिकै डोजर र लोडर तयारी अवस्थामा राखेको छ । बर्खायामभरी पहिरो पन्छाउदै यातायात सञ्चालन गर्दै आएको योजनाका इञ्जिनियर बिष्णु चापागाईले बताउनुभयो ।

बर्षा रोकिएपछि पहिरोलाई पन्छाएर सरसफाई गरिने र दुईतर्फी गाडी चल्ने बनाइने उहाँले बताउनुभयो । "सिरुवारीमा ठूलो पहिरो भएकाले यसको रोकथामका लागि अध्ययन भइरहेको छ," उहाँले भन्नुभयो "तत्काललाई मर्मत गर्दै यातायात सञ्चालन गरिएको छ ।" बेनी-जोमसोम सडकमा पर्ने चमेरे, बैसरी, गुइठेभिर, लाटाखोलाको पहिरो रोकथाम तथा रुप्से क्षेत्रको पहिरो प्रभावित क्षेत्रमा सडक ढलान गर्ने योजनाको ठेक्का सम्झौताको तयारी भएको पनि इञ्जिनियर चापागाईले जानकारी दिनुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफूले कमाउनु भन्दा कम खर्च गर्नै गर ।
– पल क्लियेरोई

**सम्पादकीय**

# सधैं बाढीपहिरोबाट ठूलो क्षति

असोज १८ देखि २० गतेसम्म सम्मको भारी वर्षा, पहिरो र डुबानमा परेर ५७ ० भन्दा बढी नेपालीको मृत्यु भएको छ । केही अझै बेपत्ता छन । सबैभन्दा धेरै मानवीय क्षति ईलाममा भएको छ । ईलाममा मात्र ३९ जनाको मृत्यु भएको छ । बेपत्ता हुनेको खोजी जारी छ । घाइतेको अवस्था पीडादायी छाबाढी पहिरो र डुवानमका कारण भौतिक क्षति पुगेको छामेची राजमार्ग भत्किएको छ । खासगरी तराई-मधेसलाई काठमाडौँसँग जोड्ने बीपी राजमार्ग रोशी खोलाले बगाएर ध्वस्त पारेको छ । दसौं किलोमिटर सडक काम नलाग्ने हुँदा गाडी चल्न ठप्पै छा पुनर्निर्माण गरिएको डाइभर्सनसमेत यसपाली बगेको छा अन्य राजमार्ग र सडक खण्डको अवस्था पनि उस्तै छाअन्य राजमार्गहरू जेनतेन फेरि गाडी चल्नलायक भएका छन्।सवारीसाधनको चापले गर्दा सडक जाम भएर यात्रुले सास्ती खेप्नु परेको छ ।

सडक सँगै जलविद्युत् आयोजनाहरूमा समेत क्षति भएको छा १० जिल्लाका ३२ जलविद्युत् आयोजनालाई बाढी र पहिरोले प्रभावित पारेको छ । यसले एकपटक प्रकृतिको शक्ति र त्यसका सामु हाम्रो तयारीको अवस्थाबारे सोच्न बाध्य बनाएको छ । प्रारम्भिक तथ्यांकअनुसार १ सय ८० मेगावाट क्षमताका १७ वटा जलविद्युत् आयोजनामा क्षति पुगेर विद्युत् उत्पाद नै ठप्प भएको छ । ३ सय ३८ मेगावाट क्षमताका १५ वटा निर्माणाधीन आयोजना पनि बाढीबाट प्रभावित भएका छन्।विगतका लापरवाही र कमजोरीबाट शिक्षा लिएर जल तथा मौसम विज्ञान विभागले दिएको सूचना धेरै हदसम्म भरपर्दो देखिएको छ । तर, पनि पहिराले घर वस्ती, राजमार्ग र जलविद्युत् आयोजनाहरू जोगिन सकेनन् । नदी र खोलामा पानीको बहावको मापन भएकै जलविद्युत् आयोजनाहरू बन्छन् । तर, ठूलो पानी पर्दा र बाढीपहिरो आउँदा कसरी क्षति कम गर्ने भन्ने जोखिम व्यवस्थापन हाम्रा आयोजनाहरूमा नभएको देखियो । जलविद्युत् आयोजनाहरूमा क्षति पुग्दा राष्ट्रिय प्रसारण लाइनमै समेत असर परेको छा ऊर्जा उत्पादनमा भएको कमी उद्योगहरूमा पनि असर पर्छा अन्ततः अर्थतन्त्रलाई नोक्सान पुऱ्याउँछ । तसर्थ, जलविद्युत्मा पुगेको क्षति अर्थतन्त्रमाथिको ठूलो धक्का हो ।

जलवायु परिवर्तनका कारण पनि हामी थप जोखिममा छौं।मानव अतिक्रमण र राज्यको निकम्मापनाले अतिवृष्टि, अनावृष्टि र हिमनदी पग्लने क्रम तीव्र भएको छ । यसले गर्दा बाढी, पहिरो र भूक्षयको जोखिम बढेको छा विपद्ले मानवीय, सडक, पुल र जलविद्युत् आयोजनाहरूमा ठूलो क्षति पुऱ्याइरहेका छन् । भविष्यमा हुन सक्ने चरम मौसमी घटनाहरूलाई समेत ध्यानमा राखेर संरचनाहरूलाई बलियो बनाउनुपर्छ । फेरि अर्को वर्षसम्म आँखा चिम्लने हाम्रो चिन्तन र व्यवहारमा परिवर्तन आउनुपर्छ । यसपाली भएको क्षतिमा जतिसक्दो चाँडो पुनर्निर्माणमा ध्यान दिनुपर्छा कतिपय आयोजनाका पहुँचमार्ग ध्वस्त भएका छन्, तिनको पुनर्निर्माणमा सरकारले तदारुकता दिनुपर्छा राष्ट्रिय राजमार्गहरूको पुनर्निर्माण चाहिँ सरकारको उच्च प्राथमिकतामा हुनुपर्छा दशै चाड मनाउन घर पुगेका र कर्म थलोमा फर्कन खोजेकालाई सुरक्षित तरिकाले गन्तव्यमा पुग्ने वातावरण बनाउन सबैको सहयोग आवश्यक छ ।

# उत्तरी गोरखामा असोजमै हिमपात



रासस
गोरखा, २१ भाद्र

पुस, माघ लागेपछि मात्रै हिउँ पर्ने उत्तरी गोरखामा यो वर्ष असोजमै हिमपात भएको छ । हिमालपारिको चुमनुब्री गाउँपालिका-१ साम्दोमा सोमबार हिमपात भएको हो ।

असोजमै हिमपात भएपछि जनजीवन सामान्य प्रभावित बनेको साम्दोका स्थानीय निमा ग्याल्जेन लामाले बताउनुभयो । "जाडो मौसममा पर्ने हिउँभन्दा अहिले परेको हिउँ धेरै गहुङ्गो हुन्छ । यस्तो हिउँले आलुलगायत बालीमा असर पुऱ्याउँछ", उहाँले भन्नुभयो,"हाल बाक्लो हिमपात नभएकाले खेतीबालीमा असर देखिएको छैन ।"

लामाका अनुसार मंगलबार दिउँसोबाट अलिअलि घाम लाग्न थालेकाले हिउँ विस्तारै पग्लिँदै गएको छ । अब मौसम सफा हुनेबित्तिकै खेतीबाली भित्र्याउने तयारीमा आमकिसान छन् । साम्दो समुद्री सतहबाट तीन हजार ८९० मिटर उचाइमा अवस्थित छ । यहाँ आलु र फापर मात्र उत्पादन हुन्छ । साम्दोवासीको मुख्य व्यवसाय पर्यटन हो । हिउँ परेपछि पर्यटक भने उत्साहित भएका छन् । मनास्लु आरोहणको सिजन सुरु भएसँगै गाउँमा पर्यटकको चहलपहलसमेत बढेको स्थानीयले बताएका छन् ।

# प्रदर्शनका क्रममा भागेका ५७ सय कैदीबन्दी अझै फरार

रासस
काठमाडौँ, २१ असोज

जेनजी प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधारगृहबाट भागेकामध्ये झण्डै पाँच हजार ७०० कैदी अझै फरार छन् । मुलुकभर जेनजी प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५८९ कैदी र नौ वटा बालसुधारगृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५५३ बन्दी भागेका थिए ।

त्यसमध्ये मंगलबार अपराह्नसम्म आठ हजार ५१० कैदी र ३४१ बालबन्दी गरी कूल आठ हजार ८५१ बन्दी कारागार फर्केका छन् । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार पाँच हजार ७९ कैदी र ६१८ बालबन्दी गरी कूल पाँच हजार ६९७ बन्दी अझै फरार छन् । गृह मन्त्रालयले यही असोज १० गते फरार कैदीबन्दीलाई आइतबारसम्म कारागार फर्कन 'अल्टिमेटम' दिएको थियो । ठूलो सङ्ख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेषअभियानसञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत सुरक्षाकर्मीले फरार कैदीलाई नियन्त्रणमा लिँदै सम्बन्धित कारागारमा बुझाइरहेका छन् । मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो । प्रदर्शनको मौका पारेर झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथदेवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौवस्ता, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट कैदीबन्दी भागेका थिए । यस्तै मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयगढ, नौवस्ता र डोटी बालसुधार गृहबाट नौ सय ६३ बालबन्दी भागेका थिए ।

सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन र धादिङमा दुई कैदीको गोली लागेर मृत्यु भएको थियो । यस्तै नौवस्ता बालसुधार गृहमा झडप हुँदा पाँच बालबन्दीको मृत्यु भएको थियो । कारागार कार्यालयहरुले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गराउँदै आएका छन् । सरकारको सूचनालाई बेवास्ता गरी फरार कैदीबन्दीलाई प्रचलित कानुनबमोजिमको कारबाही गरिने विभागको भनाइ छ ।

कुल ७२ जिल्लामा रहेका ७५ वटा कारागारमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार छ सय ४६ कैदीबन्दी रहेका छन् । धनुषा, बारा, भक्तपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र पूर्वी रुकुमका कारागार छैनन् ।

# पन्ध्र हजार हेक्टर जमिन बाँझै

पोखरापत्र संवाददाता
बागलुङ, २१ असोज

बागलुङका धेरैसजो ग्रामीण क्षेत्र बसाइँसराइका कारण सुनसान बन्दै गएका छन् । बसाइँसराइले गाउँमात्रै सुनसान भएका छैनन् धान, गहुँ र मकै फल्न खेतीयोग्य जमिन पनि बाँझिनेक्रम बढेको छ । कतै सिउँडी पलाएका छन्, त कतै बनमाराले ढाकिएका छन् । घर पनि रुग्ण बनेका छन् ।

काठेखोला गाउँपालिका तथा जैमिनी र गलकोट नगरपालिकामा बसाइँसराइ गरे सहर बजार झर्नेको सङ्ख्या अत्यधिक छ । गाउँमा बूढापाका र बालबालिका मात्रै छन् । युवा शक्ति विदेश पलायन भइरहेको छ । यही कारणले बर्सेनी जमिन बाँझोमा परिणत हुँदैछ । यसले उत्पादनमा असर परेको छ । बागलुङमा कूल एक लाख ७८ हजार ४०६ हेक्टर जमिन रहेको छ । त्यसमध्ये ४६ हजार १४८ हेक्टर जमिनमा खेती गर्न सकिन्छ । हाल ३० हजार ५०३ हेक्टर जमिनमा मात्रै खेती भइरहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिनुभयो ।

कूल जमिनको २५ प्रतिशत मात्रै खेतीयोग्य जमिन रहेकामा अहिले १७ प्रतिशत जमिनमा मात्र खेती हुने गरेको छ । बागलुङमा १५ हजार ६४५ हेक्टर जमिन बाँझो रहेको र आगामी वर्ष अझै घट्ने देखिएको अधिकारीले बताउनुभयो । "जिल्लामा १४ हजार ६२५ हेक्टर जमिन बाँझो छ, एक हजार २० हेक्टर जमिनमा खती नगरी अन्य प्रयोगका लागि प्रयोग भएको छ", उहाँले भन्नुभयो । जैमिनी-४ की देवी शर्माले काम गर्ने व्यक्तिको अभावले आफ्नो ८० प्रतिशत बारी झाडीमा परिणत भएको बताउनुभयो । पहिला २० मुरी धान, २२ मुरी मकै र कोदो उत्पादन गरेको सम्झिँदै उहाँले भन्नुभयो, "पैसा दिएर पनि खनजोत गर्ने खेताला पाइन छाडे ।"

काठेखोला-८ लेखानीका मेघराज कँडेलले पछिल्लो १० वर्षमा गाउँको आधाभन्दा बढी खेतीयोग्य जमिन बाँझो बनेको बताउनुभयो । गाउँमा बूढाबूढी मात्रै रहेकाले काम गर्न नसक्दा खेतीयोग्य जमिन बाँझो बनेको उहाँको भनाइ छ ।

# एक महिने कार्तिक स्नान, तुलसीको विशेष पूजा, आकाशदीप दान सुरु

रासस
काठमाडौँ, २१ भाद्र

प्रत्येक वर्ष आश्विन शुक्ल पूर्णिमाका दिन सुरु हुने कार्तिक स्नान, आकाशदीपदान एवं तुलसीको विशेष पूजा आराधना मंगलबारदेखि सुरु भएको छ ।

आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नानसहित तुलसीको विशेष पूजा आराधना, आकाशदीपदान गरेमा सौभाग्य, सम्पत्ति एवं श्रेय प्राप्ति हुने धार्मिक विश्वास छ । आकाशदीपदान पाएसम्म बाँस, नपाएमा पलाँस, खएर, पीपल, आदिको लिङ्गो ठड्याएर बालिन्छ । आकाशदीपदान भगवान् विष्णुलाई समर्पण गरी बाल्ने गरिन्छ । कार्तिक स्नान बिहान सूर्योदयअघि गरिन्छ भने आकाशदीपदान साँझ गरिन्छ ।

आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नान गरी घरघरमा विशेषरूपमा तुलसी पूजा गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ । तुलसीको विशेष पूजा सूर्योदयअघि नै गरिसक्नुपर्ने मान्यता छ । आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक स्नान गरे महापातकबाट पनि मुक्त भइने धार्मिक विश्वास रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले जानकारी दिनुभयो ।

कार्तिक स्नान गर्नेले आजदेखि कार्तिक शुक्ल पूर्णिमासम्म दुई दल भएका मास, मुगी, मुसुरो, चना, भटमास आदि अन्न खान नहुने शास्त्रीय मान्यता छ । यस अवसरमा आज स्वयम्भू चैत्यमा महादीप दान समेत गरिएको छ । आश्विन शुक्ल पूर्णिमाकै दिन मनाइने कोजाग्रत पूर्णिमा भने सोमबार राति नै मनाइएको थियो । मध्यरातमा पूर्णिमा भएका दिन कोजाग्रत र सूर्योदय एवं सायंकालमा पूर्णिमा भएका दिन पूर्णिमा व्रत, कार्तिक स्नान, आकाशदीपदान र तुलसीको विशेष पूजा आराधना सुरु गर्नुपर्ने शास्त्रीय वचन रहेको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले जानकारी दिनुभयो ।

# नेपालसँग कतार पराजित

रासस
काठमाडौँ, २१ असोज

आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको तयारीमा रहेको नेपालले दोस्रो अभ्यास खेलमा कतारलाई पराजित गरेको छ ।

ओमानको मस्कटमा रहेको ओमान क्रिकेट एकेडेमी ग्राउण्ड टर्फ-२ मा केही बेरअघि सम्पन्न खेलमा नेपालले कतारलाई १६ रनले पराजित गरेको हो । यसअघि भएको पहिलो अभ्यास खेलमा नेपालले ओमानलाई हराएको थियो । नेपालले जितका लागि दिएको १७१ रनको लक्ष्य पछ्याएको कतार निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १५४ रनमा समेटियो । कतारका मोहम्मद तनबिरले ३७ बलमा तीन चौका र दुई छक्कासहित सर्वाधिक ५१ रन बनाए । त्यस्तै मिर्जा मोहम्मद बेगले २७ बलमा चार छक्कासहित ४० तथा मोहम्मद असिमले ३० रन बनाए ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**भावपूर्ण श्रद्धाञ्जली**



जन्मः वि. स. २०१०/१०/२२ गते
स्वर्गारोहणः वि.स. २०८०/१२/०५ गते

स्वः चन्द्रबहादुर गुरुङ

मादी गाउँ पालिका वडा नं. ५ (साविक कालिका गाविस वडा नं.९) काउरे गाउँ निवासी **चन्द्रबहादुर गुरुङ**को वि.स. २०१०/१०/२२ गतेका दिन जन्म भई वि.स. २०८०/१२/०५ गतेको दिन ७० वर्षको उमेरमा भएको दुःखद निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज पितृकार्यको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि कल्हे सोदी, प्हे सोदी, आजिमाँ आजिंखे बुद्ध भगवान लगायत सम्पूर्ण भगवानसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ना. सु. श्री खडक बहादुर गुरुङ**
**अध्यक्ष तथा**
**मिलिजुली विजयपुर तमु समाज परिवार**
**जयगंगा मार्ग, पोखरा-१३, कास्की**

# मुस्ताङका किसान 'फापर' थन्क्याउन व्यस्त

**रासस**
मुस्ताङ, २१ असोज



यहाँका किसान दसैं पर्वसँगै सकिएसँगै परम्परागत रैथाने बाली थन्क्याउन व्यस्त छन् । यहाँको तल्लो क्षेत्र घरपझोङ, वारागुङ मुक्तिक्षेत्रथासाङगाउँपालिकाअन्तर्गत किसान खाद्य बाली 'फापर' स्याहार्न व्यस्त भएका हुन् । रैथाने बाली फापर यहाँको लोकप्रिय खाद्य बालीको रुपमा लिइन्छ ।

घरायसी प्रयोजन, धार्मिक अनुष्ठान, व्यवसायिक प्रयोजन तथा विदेशमा बस्ने आफ्ना आफन्तजनलाई कोसेलीको रुपमा पठाउने उद्देश्यले यहाँका किसानले फापर खेती गर्दै आइरहेका छन् । खेतबारीमा फापर छरेको औसत एक सय दिनमा फापर खेती भित्र्याउन योग्य हुने घरपझोङ-५ ठिनीका किसान प्रमिला गुरुङ थकालीले बताउनुभयो । फापर काटेर डाठसँगै लगातार तीन दिनसम्म खेतबारीमा सुकाएपछि लौरीको सहायताले फापर चुटेर केस्रा निकाल्ने प्रचलन रहेको उहाँले जानकारी दिनुभयो । फापरको डाँठ परालका रूपमा पशुचौपायालाई खुवाउन र घाँस नपाइने बेला पशुलाई खुवाउन सुकुटी पारेर राखिने गरिएको किसान थकालीको भनाइ छ । जिल्लामा मिठे फापर र तिते फापरखेती हुने गरे पनि मुख्य रुपमा मिठे फापरबाली बढी मात्रामा लगाउने गरिएको जनाइएको छ । पछिल्लो समय कतिपय किसानले नयाँ प्रविधिको प्रयोग गरेर फापरको केस्रा सङ्कलन गर्न थालेका उहाँको भनाइ छ । जिल्लाको तल्लो क्षेत्रदेखि माथिल्लो क्षेत्रमा स्थानीयले परम्परागत रुपमा रैथाने फापर खेती अपनाउँदै आइरहेका छन् । यहाँ उत्पादन हुने उवा, जौ, मकै, आलु, बोडी, सिमीलगायत फापरखेती यहाँको मुख्य 'ब्राण्ड' बनेको छ । समुन्द्री सतहको एक हजार नौ सय ८४ मिटरदेखि तीन हजार नौ सय सय मिटरको अग्लो उचाइको खेतीयोग्य जमिनमा फापरखेती गरिन्छ । हिमाली तथा उच्च पहाडी क्षेत्रमा फापर खेती गरिने भएपनि मुस्ताङको चिसो हावापानीमा उत्पादन हुने रैथाने बाली फापरको परिकार स्वादिलो र पोसिलो हुन्छ । फापर बालीअन्तर्गत मिठे फापरको खेती तलो जिल्लामा असार र साउन महिनाको पहिलो हप्ता खेतबारी छरेर असोजको पहिलो र दोस्रो हप्तामा घरमा भित्र्याईन्छ । तीते फापर साउन र भदौ महिनामा छरेर कात्तिकको पहिलो हप्तादेखि घरमा भित्र्याउने गरिन्छ । सामान्यतया रैथाने बाली उवा र जौ पाक्न नौ महिना लाग्ने भए पनि फापर बाली तीन महिनामा पाक्ने किसानले प्रमिलाले जनाइन् । उपल्लो मुस्ताङमा मिठे फापर वैशाखको पहिलो र दोस्रो हप्तामा छरेर कात्तिकको पहिलो हप्तादेखि फापर भित्र्याईन्छ । यहाँ तिते फापर वैशाखको पहिलो र दोस्रो हप्तामा खेतबारीमा छरेर कात्तिक महिनाको अन्त्यतिर बाली भित्र् याइने प्रचलन रहेको छ ।

पछिल्लो समय जलवायु परिवर्तनका कारण फापर बालीमा समेत विभिन्न प्रकोपहरु देखा पर्न थालेको घरपझोङ–५ ठिनीका किसान पाल्साङ गुरुङले बताउनुभयो । यसवर्ष यहाँको फापर बालीमा खुम्ले कीराको प्रकोप देखापरेको उहाँको भनाई छ । गतवर्ष यहाँको फापर बालीमा तुषारोले असर पुऱ्याएको उहाँले बनाउनुभयो । यहाँको रैथाने बाली स्याउ बगैँचाभित्र अन्तरबालीको रुपमा लगाएर दोहोरो आम्दानी लिने गरिएको किसान गुरुङले उल्लेख गर्नुभयो । फापर बालीमा ढिडो, रोटीलगायत विभिन्न परिकार निर्माण गर्न सकिने भएकाले यहाँको फापर खेती सहर बजारको उपभोक्ताले अत्यधिक रुचाउने गरेको किसान उहाँको भनाइ छ । जलवायु सङ्कटका कारण परम्परागत रैथाने बाली अन्य बालीभन्दा कम झन्झटिलो भएकाले यसको व्यवस्थापनमा निकै सहज भएको उहाँले जानकारीदिनुभयो । सहर बजारका भान्साघरमा यहाँको फापरको ढिडो मुख्य भेराइटी भएकाले यसको माग बढी हुने गरेको उहाँले बताउनुभयो ।

फापर बोटको औसत एक सय सेमीदेखि एक सय १० सेमीसम्म लम्बाइ हुने गर्छ । फापर बालीअन्तर्गत मिठे फापरको झुप्पामा हलुका गुलाबी रङ्गको फूलहरू फुल्दछ भने फापरको केस्रा हलुका र कालो रङ्गको हुन्छ । तिते फापरको सेतो रङ्गको फूलहरू फल्दछ । फापरको केस्रालाई स्थानीय पानी घट्ट र मिलमा पिसेर पिठो तयार गरिन्छ । यहाँ एकमाथि फापरको मिठोको मूल्य एक हजार २०० सय रुपैयामा किनबेच भएको किसानहरु बताउँछन । विषेशगरी फापरको मीठो बढी मात्रामा ढिँडो र रोटी खानका लागि उपयोग गर्ने गरिन्छ । यहाँका किसानले फापरखेतीलाई व्यावसायिक रुपमा अपनाएको पाइँदैन । हिमाली क्षेत्रको महत्वपूर्ण पहिचान बोकेको कृषि उपज रैथाने फापर बालीलाई यहाँका किसानले व्यक्तिगत घरायसी प्रयोजनको रुपमा मात्रै अपनाएको पाइन्छ । घरपझोङ गाउँपालिकाका कृषि शाखा अधिकृत रोशन थकालीले रैथाने खाद्य बाली प्रवर्द्धनका लागि स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको जानकारी दिनुभयो । उहाँले फापर बाली मुस्ताङकै पहिचान भएकाले यसको संरक्षणमा स्थानीय सरकारको दायित्व रहने भएकाले सम्बन्धित किसानलाई बर्सेनि रैथाने बाली विविधीकरण तालिम, अनुदान र प्रोत्साहन लगायतका कार्यक्रम आयोजना गर्ने गरेको बताउनुभयो ।

पोषणविद्का अनुसार फापरको परिकारबाट २४ भन्दा बढी प्रकारका पौष्टिक तत्व प्राप्त हुन्छ । फापरको परिकारबाट रगतको कोल्ड स्टोर घटाउने र पित्तको पत्थरी हुनबाट बचाउने भनाइ छ । यसले मानिसको मोटोपना घटाउने र उक्त रक्तचापका बिरामीलाई फापर मिठोको परिकार सेवन उपयोगी हुन्छ । विशेष गरी फापरमा मिनरल वाटर र भिटामिनको स्रोत प्रशस्त हुन्छ । यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, चिल्लो पदार्थ र पानीको मात्रा प्राप्त हुने जनाइएको छ ।

# तनहुँमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन

**पोखरापत्र संवाददाता**
दमौली, २१ असोज

यहाँको व्यास नगरपालिकाद्वारा सञ्चालित 'बैरेनी जग्गा एकीकरण' आयोजनाअन्तर्गत ५० प्रतिशत पूर्वाधार निर्माण सम्पन्न गरिएका छन् ।

व्यास-१० स्थित बैरेनीमा कूल एक हजार ५३७ रोपनीमध्ये पहिलो चरणमा २६२ रोपनी क्षेत्रफलमा एकीकृत बस्ती विस्तार गरिएको छ । सो आयोजनाअन्तर्गत जटिल प्रकृतिका काम सकिएको र अब छ महिनाभित्र घडेरी छुट्याइने आयोजना प्रमुख इञ्जिनियर रवीन्द्र मुलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अब नाला निर्माण, कालोपत्र, विद्युत् खम्बा, खानेपानी जडान, पार्क, खेल मैदान र दुई वटा विद्युत् ट्रान्समिटर जडान गर्नु पर्नेछ, ट्रान्समिटरका लागि विद्युत् प्राधिकरणसँग समन्वय गरिएको छ ।" कित्ताकाटका लागि नक्सा 'प्रिन्ट' भइसकेको उहाँले जानकारी दिनुभयो । नापी र मालपोतबाट प्रमाणीकरण हुन बाँकी रहेकाले प्रमाणीकरण पछि स्थानीयलाई पुर्जा प्रदान गरिने उहाँले बताउनुभयो । विसं २०८२ भित्र जग्गाधनीलाई पुर्जा वितरण गर्ने लक्ष्य आयोजनाको छ । विसं ०७९ मङ्सिर १४ गते सम्झौता गरी २०८५ सालसम्म ऋण सम्झौता रहेकामा तीन वर्षअगावै सम्पन्न गर्ने लक्ष्य राखिएको उहाँको भनाइ छ ।

मुलकाअनुसार पहिलो चरणमा विकसित निजी घडेरी ६९ दशमलव १७ प्रतिशत, बाटो र ढल निर्माणमा १८ दशमलव ९४ प्रतिशत, खुला क्षेत्र सार्वजनिक पाँच दशमलव ८८ प्रतिशत, बिक्रीयोग्य जग्गा चार दशमलव ७९ प्रतिशत र खोल्सी तथा रिटेनिङ पर्खालमा एक दशमलव १२ प्रतिशत आयोजनाको भूउपयोगका लागि छुट्याइएको छ । बिक्री योग्य चार दशमलव ७९ प्रतिशत जग्गा बिक्री गरेर नगर विकास कोषको ऋण तिर्ने योजना आयोजनाको छ । विसं २०७७ मा नगर विकास कोषको प्राविधिक सहयोगमा बैरेनी जग्गा एकीकरण विकास आयोजना सुरूआत गरिएको थियो । विसं २०७८ फागुन २ गते राजपत्रमा आयोजना स्वीकृतिको सूचना प्रकाशित भएपछि निर्माण सुरु गरिएको हो । "एकीकृत बस्ती आयोजनाको निर्माण सम्झौताअगावै सम्पन्न गर्नेमा भक्तपुरपछिको व्यास नगरपालिका अग्रसर बनिरहेको छ", उहाँले भन्नुभयो, "उक्त आयोजनामा नगर विकास कोषको ७० र नगरपालिकाको ३० प्रतिशत लगानी छ ।" कूल रु १३ करोडमध्ये कोषले रु नौ करोड १० लाख ५० हजार ४०० र नगरपालिका तथा गण्डकी प्रदेशको रु चार करोड लगानी छ । नगर विकास कोषसँग लिएको ऋण भुक्तानी गर्नुपर्ने अवधि छ वर्षको छभने वार्षिक ब्याजदर आठ प्रतिशतमा ऋण लगानी छ । विसं २०८१ सम्म आयोजनाको निर्माण अवधि छ", इन्जिनियर मुलले भन्नुभयो, "निर्माण अवधिभर लिएको ऋणको कुनै ब्याज र किस्ता तिर्नुपर्दैन ।" सम्झौता अगावै एकीकृत बस्ती बसाउन दीर्घकालीन सोचका साथ नगरपालिका अघि बढेको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । "दमौली बजार र भादगाउँ क्षेत्र बस्ती विस्तारले साँघुरिँदै छ", उहाँले भन्नुभयो, "भावि पुस्ताका लागि बस्ती बसाउन नगरपालिकाले नगरविकास कोषसँग हातेमालो गर्दै अघि बढेका हौं ।"

# हुकुर्थुम गाउँका ४३ घरमा खानेपानीको पहुँच

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ असोज

बागलुङको बडिगाड गाउँपालिका-२ हुकुर्थुममा 'एक घर, एक धारा' सञ्चालनमा आएको छ । बडिगाड गाउँपालिका, नेपाल स्वास्थ्यका लागि पानी (नेवा) संस्थाको लगानी र स्थानीयको जनश्रमदानबाट हुकुर्थमका ४३ घरमा धारा निर्माण गरिएको हो ।

सो संस्थाको रु १५ लाख ६५ हजार, बडिगाड गाउँपालिकाको रु चार लाख ७२ हजार र जनश्रमदान छ लाख चार हजार लागतमा एक घर, एक धारा निर्माण गरिएको गहते-हुकुर्थुम खानेपानी स्वच्छता तथा सरसफाइ आयोजनाका अध्यक्ष केशबहादुर कुमालले जानकारी दिनुभयो । यस अगाडि स्थानीयले गाउँमा रहेको पाँच वटा सार्वजनिक धाराबाट पानी उपभोग गर्दै आएको उहाँको भनाइ छ । सीमित धाराबाट सिङ्गो गाउँले पानी उपभोग गर्दा निकै समस्या भोग्नु परेको भन्दै घर-घरमा धारा बनेपछि स्थानीयको दैनिकी नै फरिन थालेको अध्यक्ष कुमालले बताउनुभयो । एक घर, एक धारा बनेपछि एक गाग्री पानी भर्नका लागि घण्टौं कुर्नु पर्ने समस्या समाधान भएको उहाँको भनाइ छ । अध्यक्ष कुमालले भन्नुभयो, "वर्षौंदेखि गाउँमा खानेपानीको समस्या थियो, यस वर्ष बल्ल समाधान भयो, घरको आँगनमै खानेपानी झर्न थालेपछि हामीहरुलाई धेरै सहज भएको छ, पहिले सरसफाइ गर्न, वस्तुभाउलाई खुवाउन साह्रै समस्या हुन्थ्यो, अब त करेसाबारीमा तरकारी खेती गर्न पनि सकिने भयो, घण्टौं लाइन बस्नु पर्ने बाध्यताको अन्त्य भयो ।" नेवा संस्थाका कार्यक्रम अधिकृत विनोद कोइरालाले व्यक्तिगत र सार्वजनिक गरि ४५ धारा निर्माण गरेको जानकारी दिनुभयो ।

हुकुर्थुममा दुई किलोमिटर टाढा रहेको मरुवाईझ्याल मुहानबाट पाइप लाइनमार्फत पानी लिएर एक घर, एक धारा निर्माण गरेको उहाँको भनाइ छ । गाउँमा लामो समयदेखि खानेपानीको समस्या रहेका र समाधानका लागि माग गरेपछि गाउँपालिकासँग सहकार्य गरेर धारा निर्माण गरेको अधिकृत कोइरालाले बताउनुभयो ।

# कोजाग्रत पूर्णिमा

**रासस**
काठमाडौं, २१ असोज

धनधान्यकी देवी महालक्ष्मीको सोमबार सायंकालमा पूजा आराधना गरी कोजाग्रत पूर्णिमा पर्व मनाइएको छ ।

नेपालीले भव्य रुपमा मनाउने दुर्गा पक्ष अर्थात् बडादसैं पर्वको अन्तिम दिन सोमबार कोजाग्रत पूर्णिमाका अवसरमा सायंकालमा घरघरमा महालक्ष्मीको पूजा आराधना गरिएको हो । धनधान्य एवं सम्पन्नताकी देवी महालक्ष्मीको पूजा आराधनासहित रात्रिमा जाग्राम बसेपछि १५ दिन लामो बडादसैं पर्व समापन हुन्छ । शास्त्रअनुसार गर्नुपर्ने सबै बलिपूर्ति अर्थात् अखिल बलिपूर्ति पनि आजै समापन गरिएको हो । अखिल बलिपूर्ति भएसँगै विजयादशमीदेखि सुरु भएको नवदुर्गाको प्रसादस्वरुप टीका र जमरा लगाई मान्यजनबाट आशीर्वाद लिनेक्रम पनि समाप्त हुन्छ । जमरालाई नजिकको नदी, तलाउ, पोखरी आदि पवित्र तीर्थस्थलमा लगी सेलाइएको छ । आश्विन शुक्ल प्रतिपदाका दिनदेखि सुरु भएको दुर्गा पक्ष अर्थात् दसैं पर्व आमनेपालीले आआफ्नो गच्छेअनुसार मनाएका छन् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि. स. २०१४/०४/१३ गते

स्वर्गारोहणः
वि.स. २०७९/०९/२३ गते

स्वः दुर्गाबहादुर गुरुङ

मादी गाउँ पालिका वडा नं. ५ (साविक कालिका गा.वि.स. वडा नं.९) काउरे गाउँ निवासी **दुर्गाबहादुर गुरुङ**को वि.स. २०१४/०४/१३ गतेका दिन जन्म भई वि.स. २०७९/०९/२३ गतेको दिन ६५ वर्षको उमेरमा भएको दुःखद निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज पितृकार्यको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि कल्हे सोदी, प्हे सोदी, आजिमाँ आजिंखे बुद्ध भगवान लगायत सम्पूर्ण भगवानसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

ना. सु. श्री खडक बहादुर गुरुङ
अध्यक्ष तथा
मिलिजुली विजयपुर तमु समाज परिवार
जयगंगा मार्ग, पोखरा-१३, कास्की



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि. स. २०००/०३/२७ गते

स्वर्गारोहणः
वि.स. २०८२/०६/१८ गते

स्वः बिलबहादुर गुरुङ

मादी गाउँ पालिका वडा नं. ५ काउरे गाउँ निवासी हाल पोखरा महानगरपालिका वडा नं. १३ कामनाटोल बस्ने छोरा/बुहारी मोहन गुरुङ/देवी गुरुङ तथा यस मिलिजुली विजयपुर तमु समाजको आजिवन सदस्य हिराजंग गुरुङको ससुरा एवम् मिना कुमारी गुरुङको बुबा **बिलहादुर गुरुङ**को वि.स. २०८२/०६/१८ गते शनिबारका दिन ८२ वर्षको उमेरमा भएको दुःखद निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज पितृकार्यको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि कल्हे सोदी, प्हे सोदी, आजिमाँ आजिंखे बुद्ध भगवान लगायत सम्पूर्ण भगवानसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

ना. सु. श्री खडक बहादुर गुरुङ
अध्यक्ष तथा
मिलिजुली विजयपुर तमु समाज परिवार
जयगंगा मार्ग, पोखरा-१३, कास्की